# रोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा

पहरीगाउँ,इलाम
१ नं. प्रदेश,नेपाल

रोङ गाउँपालिका २०७३

# बोयर जातको विऊ बोका तथा पाठी खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०१/३१**

यस कार्यालयको आ.व.२०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशु विकास समितिको मिति२०७७/१/२५को निर्णयानुसार बोयर जातको विऊ बोका तथा पाठी खरिद तथा वितरण कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने बोयर जातको विऊ बोका तथा पाठी खरिद गर्नुपर्ने भएकोले यस गाउँपालिकाको बोयर जातको विऊ बोका तथा पाठी उत्पादक तथा अधिकृत विक्रेताबाट यस गाउँपालिकाले खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक फर्म वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता वा PAN दर्ता ,एजेन्सी दर्ता प्रमाण पत्र, Letter of Authorization र आ.व.२०७६/०७७को आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु समावेश गरी उत्पादकको आधिकारिक स्पेसिफिकेसन ,गुणस्तर, मूल्य र सुविधा सहितको विवरण संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव आवेदन दस्तुर वापत क्रमश:रु.१०००/१०००।०० वा एकमुष्ट रु.२०००।०० पछि फिर्ता नहुने गरी बुझाई आवेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक फर्म वा आधिकारिक विक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>बोयर जातको विऊ बोका र पाठी खरिद सम्बन्धी विवरण</u> –**

| क्र.सं. | सामानको नाम | सामाग्री बारे संक्षिप्त विवरण | संख्या | आवेदन पेश गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बोयर जातको विऊ बोका | यस कार्यालयबाट स्वीकृत विवरण अनुसार हुनेछ।<br>क)बोयर बोका ७५%भन्दा बढी जातिय गुण भएको हुनुपर्नेछ।<br>ख)शारिरिक तन्दुरुस्त, स्वास्थ्य र प्रजनन योग्य उमेर भएको हुनु पर्नेछ।<br>ग. उमेर अनुसारको शारिरिक तौल भएको हुनु पर्नेछ। | २ वटा बोका | २०७७/०२/०७ गते मध्यान्ह १२:००बजे सम्म | २०७७/०२/०७ गते अपरान्ह २:००बजे सम्म | |
| २. | बोयर जातको शुद्द नश्लको पाठी | यस कार्यालयबाट स्वीकृत विवरण अनुसार हुनेछ।<br>क) बोयर जातको शुद्द नश्लको पाठी ८०%भन्दा बढी जातिय गुण भएको हुनुपर्नेछ।<br>ख) शारिरिक तन्दुरुस्त, स्वास्थ्य र प्रजनन योग्य भएको हुनु पर्नेछ।<br>ग. उमेर अनुसारको शारिरिक तौल भएको हुनु पर्नेछ। | ६ वटा पाठी | २०७७/०२/०७ गते मध्यान्ह १२:००बजे सम्म | २०७७/०२/०७ गते अपरान्ह २:००बजे सम्म | |

१।३१

प्रदिप गौतम
प्रमुख प्रशासकीय अधिकृत

# रोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा

पहरीगाउँ,इलाम
१ नं. प्रदेश,नेपाल

रोङ गाउँपालिका २०७२

## च्यापकटर र काउम्याट (गाईको गुन्द्री) खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०१/३१

यस कार्यालयको आ.व.२०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार च्यापकटर मेसिन खरिद तथा वितरण कार्यक्रम संचालन गर्न र काउम्याट (गाईको गुन्द्री) खरिद तथा वितरण कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने च्यापकटर मेसिन र काउम्याट (गाईको गुन्द्री) खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम च्यापकटर मेसिन र काउम्याट (गाईको गुन्द्री) उत्पादक तथा अधिकृत विक्रेता द्वारा निर्धारित दरमा (क्याट लग सपिङ्ग) खरिद कार्यविधि २०७४ बमोजिम (क्याट लग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता ,एजेन्सी दर्ता प्रमाण पत्र Letter of Authorization र आ.व.२०७६/०७७को आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) वमोजिमको च्यापकटर मेसिन र काउम्याट (गाईको गुन्द्री) खरिद उत्पादकको आधिकारिक स्पेसिफिकेसन ,गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा च्यापकटर र काउम्याट (गाईको गुन्द्री) को आवेदन दस्तुर वापत क्रमश रु १०००।, रु १०००। वा एकमुष्ट रु. २०००। पछि फिर्ता नहुने गरि बुझाई आवेदन दर्ता गर्नहुन सम्बन्धित उत्पादक कम्पनी वा आधिकारिक विक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**च्यापकटर र काउम्याट (गाईको गुन्द्री) खरिद सम्बन्धी विवरण**

| क्र. सं. | सामानको नाम | संक्षिप्त विवरण | संख्या | आवेदन पेश गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | च्यापकटर मेसिन | यस कार्यालयबाट स्वीकृत विवरण अनुसार हुनेछ।<br>क)च्यापकटर मेसिन फलामको हुनु पर्नेछ।<br>ख)उक्त मेसिन ३ रोलाको हुनु पर्नेछ।<br>ग) मोटर 2HP क्षमता भएको साथै फित्ता,पुल्ली सहित भारतमा निर्मित भएको हुनुपर्नेछ । | ५० थान | २०७७/०२/०७ गते मध्यान्ह १२:००बजे सम्म | २०७७/०२/०७ गते अपरान्ह २:००बजे सम्म | |
| २ | काउम्याट (गाईको गुन्द्री) | यस कार्यालयबाट स्वीकृत विवरण अनुसार हुनेछ।<br>क)काउम्याट रबरको हुनेछ।<br>ख)म्याटको भार ४० के. जी. देखि माथि तथा आकार लम्बाई ६फिट र चौडाई ४फिट साथै मोटाई १७ mm वा सो भन्दा माथि हुनु पर्नेछ। | १०० थान | २०७७/०२/०७ गते मध्यान्ह १२:००बजे सम्म | २०७७/०२/०७ गते अपरान्ह २:००बजे सम्म | |

१।३१

प्रदिप गौतम
प्रमुख प्रशासकीय अधिकृत